नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

फोन नं. : ५३४७९१२
५३४३९३९

पत्र संख्याः २०८३/०८४
च.नं. :

बबरमहल
काठमाडौं, नेपाल।

## सूचना नं. ०५/०८३-८४

### सम्पूर्ण ग्यास बिक्रेता र उपभोक्तालाई अनुरोध

आम उपभोक्ताले खाना पकाउने एलपीजी ग्यास सिलिन्डर सहज रुपमा नपाएको, ग्यास बिक्रेता तथा डिपोले लुकाई छिपाई आफू निकट व्यक्ति, होटल, व्यवसायीलाई मात्रै ग्यास सिलिन्डर उपलब्ध गराएको, तोकिएको मूल्यभन्दा बढीमा बिक्री गरिरहेको भन्ने जस्ता गुनासो तथा उजुरीप्रति यस विभागको गम्भिर ध्यानाकर्षण भएको र यस्ता गुनासो तथा उजुरी सम्बन्धमा यस विभाग तथा अधिकार प्राप्त अन्य निकायले निरन्तर अनुगमन गरिरहेको छ ।

खाना पकाउने एलपीजी ग्यास जस्तो अत्यावश्यक वस्तु सहज रुपमा तोकिएको मूल्यमा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो । ग्यास सिलिन्डर लुकाई छिपाई बिक्री वितरण गर्नु, कृत्रिम अभाव सिर्जना गर्नु, कालोबजारी गर्नु, तोकिएको मूल्यभन्दा बढीमा बिक्री गर्नु कानून विपरीतको कार्य भएकोले त्यस्तो कार्य गरेको पाइए सबै ग्यास बिक्रेता तथा डिपोलाई प्रचलित कानून बमोजिम हदैसम्मको कार्बाही हुने जानकारी गराइन्छ ।

त्यस्ता कानून विपरीतका कार्य गरेको कहीं कतै देखेमा, थाहा पाएमा वा उपभोक्ता आफै ठगिएको अनुभूत भएमा नजिकको प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र यस विभागको टोल फ्रि नम्बर ११३७ मा जानकारी गराउन हुन पनि सबै सम्पूर्ण उपभोक्तालाई अनुरोध छ।

साथै, ७.१ केजीको सट्टामा १४.२ केजीको एलपीजी ग्यास वितरण गर्दा केही समय वितरणमा असहजत्ता पैदा भएको समस्या चाडैं निराकरण हुने भएकोले आम उपभोक्तालाई नआत्तिन पनि यस विभाग हार्दिक अपिल गर्दछ ।

मितिः-२०८३/०४/२२

प्रवक्ता
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग